# <u>विधेयकमा प्राप्त संशोधन प्रस्तावहरु</u>

(प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ११३ सँग सम्बन्धित नियम ११२ को उपनियम (२) बमोजिम स्वीकृत संशोधन प्रस्तावहरु)

**विधेयकको नामः** संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९

**प्रस्तुतकर्ताः** सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'

**<u>संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्य (दर्ताक्रम अनुसार)</u>ः**

| द.नं. | माननीय सदस्यको नाम, थर |
|---|---|
| १. | मा. श्री महेश कुमार बतौला, मा. श्री दामोदर पौडेल (वैरागी) |
| २. | मा. श्री रघुजी पन्त |
| ३. | मा. श्री सुशीला थिङ |
| ४. | मा. श्री प्रेम सुवाल |
| ५. | मा. श्री सोबिता गौतम |
| ६. | मा. निशा डाँगी |
| ७. | मा. सुमना श्रेष्ठ |
| ८. | मा. अर्जुन नरसिह के.सी. |

**<u>संशोधनको विवरणः</u>**

| क्र.स. | संशोधन प्रस्तुतकर्ता | विधेयकको | | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| | | दफा | उपदफा | |
| १. | मा. श्री महेश कुमार बतौला, मा. श्री दामोदर पौडेल वैरागी | २ | - | मूल ऐनको दफा ६ मा संशोधन गर्न प्रस्ताव गरिएको दफा ६ को उपदफा (१०) को सट्टा देहाएको उपदफा (१०) राख्नु पर्ने,-<br>"(१०) उपदफा (७) बमोजिमको बैठकमा कुनै विषयमा सर्वसम्मतिबाट निर्णय हुन नसकेमा तत्काल बहाल रहेका कम्तिमा एकाउन्न प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिनेछ।" |
| २. | मा. श्री रघुजी पन्त | २ | - | मूल ऐनको दफा ६ मा संशोधन गर्न प्रस्ताव गरिएको दफा ६ को,-<br>– उपदफा (९) मा रहेको "पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा" भन्ने शब्दहरुको सट्टा "बहुमत सदस्यहरु उपस्थित भएमा" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>– दफा (१०) मा रहेको "कम्तिमा पचास प्रतिशत सदस्यको बहुमतबाट" भन्ने शब्दहरुको सट्टा "सदस्यहरुको बहुमतबाट" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>– दफा (११) मा रहेको "सचिवले सदस्यलाई विद्युतिय माध्यमबाट समेत" भन्ने शब्दहरुको सट्टा "सचिवले सदस्यलाई पत्र, फोन र विद्युतिय माध्यमबाट गराउनेछ" भन्ने शब्दहरु राख्नु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ३. | मा. श्री सुशीला थिङ | २ | | मूल ऐनको दफा ६ मा संशोधन गर्न प्रस्ताव गरिएको दफा ६ को,-<br>– उपदफा (१) को सट्टा देहाएको उपदफा (१) राखु पर्ने,-<br>"(१) "परिषद्को बैठक मासिक रुपमा अध्यक्षले तोकेको समय र स्थानमा बस्नेछ ।"<br>– उपदफा (९) को सट्टा देहाएको उपदफा (९) राखु पर्ने,-<br>"(९) "उपदफा (७) बमोजिमको बैठकमा अध्यक्ष र तत्काल बाहाल रहेको कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा परिषदको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ तर बैठकमा सदस्यको संख्या बराबर भई निर्णय लिन नसक्ने अवस्थामा सदस्यकोभन्दा अध्यक्षको मतभार दोब्बर भएकोले अध्यक्षको मत निर्णायक मानिनेछ ।"<br>– यस दफाका विभिन्न उपदफाहरुमा ठाउँ-ठाउँमा उल्लेख गरिएको "मिति" भन्ने शब्द हटाउनु पर्ने। |

| | | | | |
|---|---|---|---|---|
| ४. | मा. श्री प्रेम सुवाल | २ | | मूल ऐनको दफा ६ को सट्टा राख्न प्रस्ताव गरिएको दफा ६ को,-<br>– उपदफा (१०) मा "कम्तिमा पचास प्रतिशत" भन्ने शब्दहरुको सट्टा "कम्तिमा एकाउन्न प्रतिशत" भन्ने शब्दहरु राख्नुपर्ने । |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५. | मा. श्री सोबिता गौतम | २ | | मूल ऐनको दफा ६ मा संशोधन गर्न प्रस्ताव गरिएको दफा ६ को,-<br>– उपदफा (६) पछि देहाय बमोजिमको उपदफा (७) थपी त्यस पछिका उपदफाहरुको क्रम मिलाउनु पर्ने<br>" (७) अध्यक्षबाट प्रस्ताव भएको विषयमा परिषदका तिन वा सोभन्दा बढी सदस्यले सो प्रस्ताव अस्विकार गरेमा अध्यक्षले फेरी नयाँ प्रस्ताव गर्नेछ।"<br>– उपदफा (९), (१०), (११) र (१३) को सट्टा देहाएको उपदफा (९), (१०), (११) र (१३) राखु पर्ने,-<br>"(९) उपदफा (७) बमोजिमको बैठकमा अध्यक्ष र कम्तिमा चार जना सदस्यहरु उपस्थित भएमा परिषदको बैठकको लागि गणपुरक सख्या पुगेको मानिनेछ ।<br>(१०) उपदफा (७) बमोजमको बैठकमा कुनै विषय सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र कम्तिमा चार जना सदस्यहरुको बहुमतबाट निर्णय गरिनेछ ।<br>(११) उपदफा (२) वा (७) बमोजिम परिषद्को बैठक बस्ने मिति, समय र स्थानको जानकारी सचिवले सदस्यलाई औपचारिक पत्र र विद्युतिय माध्यमबाट गराउनेछ । औपचारिक पत्रलाई आधिकारिक सुचना |

| | | | | |
|---|---|---|---|---|
| | | | | मानिनेछ।<br><br>(१३) परिषदको बैठक सम्बन्धी अन्य कार्यविधि आवश्यकता अनुसार परिषद आफैले निर्धारण गर्नेछ । तर त्यसरी कार्यविधि निर्धारण गर्दा दफा (६), संविधान र प्रचलित कानुनी सिद्धान्त बमोजिम गरिनुपर्दछ ।" |
| ५. | निशा डाँगी | २ | | दफा २ अन्तर्गत मूल ऐनको दफा ६ को सट्टा प्रस्ताव गरिएको दफा (६) को,-<br>- उपदफा (१) पछि देहायको उपदफा (२) थपी त्यसपछिका उपदफाहरुको क्रम मिलाउनु पर्ने,-<br>"(२) परिषदका तत्काल कायम रहेको ५० प्रतिशत वा सोभन्दा बढी सदस्यहरुले लिखित माग गरेमा, अध्यक्षले माग गरेको ४८ घण्टाभित्रमा परिषदको बैठक बोलाउनु पर्नेछ।"<br>- उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राख्नु पर्ने,-<br>"(१०) कुनै विषयमा सर्वसम्मतिबाट निर्णय हुन नसकेमा परिषदमा तत्काल बहाल रहेका कम्तिमा चार जना सदस्यहरुबाट निर्णय गरिनेछ।" |
| ६. | सुमना श्रेष्ठ | २ | | दफा २ अन्तर्गत मूल ऐनको दफा ६ को सट्टा प्रस्ताव गरिएको दफा (६) को,-<br>- उपदफा (१) पछि देहायका खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) थप गर्नु पर्ने,-<br>"(क) मन्त्रिपरिषद्को कार्यालयले संविधानको धारा २८४(३) अनुसार नियुक्तिको सिफारिस गर्नुभन्दा कम्तिमा ६ महिनापहिले नियुक्ति गर्नु पर्ने रिक्त रहेका संवैधानिक पदहरुको सुची र छनौट गर्ने उत्कृष्टताको आधार |

| | | | | |
|---|---|---|---|---|
| | | | | खुलाइ छनौट प्रक्रिया समेत निर्धारण गरी सुचना प्रकाशित गर्नु पर्नेछ ।<br>(ख) उत्कृष्ट उम्मेदवार छनौटको लागि परिषद्ले ५ जनाको एक विज्ञ समिति गठन गर्नुपर्नेछ र परिषद्ले नियुक्ति गर्नु पर्ने पदाधिकारीको उत्कृष्टताको मापदण्ड र मुल्याङ्कन आधार सम्बन्धी कार्यविधि समेत सो समितिले तय गर्नेछ ।<br>(ग) उपदफा (ख) बमोजिम तय गरिएको मापदण्ड र मुल्याङ्कन आधार बमोजिम विज्ञ समितिले उत्कृष्ट उम्मेदवारको छनोट गरी एक सूची बनाई परिषद्लाई दिइनेछ ।<br>(घ) उपदफा (ग) बमोजिम तयार गरिएको सूचीका उम्मेदवारहरुको अन्तरवार्ता परिषद्ले लिनेछ र प्रत्येक परिषद् सदस्यले अन्तरवार्ताका आधारमा उम्मेदवारहरुको श्रेणी निर्धारण गर्नेछ । औसत दर्जा सबै उम्मेदवारहरु श्रेणीकरण गर्न प्रयोग गरिनेछ ।<br>(ङ) उपदफा (घ) बमोजिम गरेको श्रेणीकरणबाट उम्मेदवारहरुको अंक बराबर भएमा, पहिलो बैठकमा परिषद्ले सर्वसम्मत निर्णय गर्नु पर्नेछ र गर्न असफल भएमा दूईतिहाइबाट बहुमतद्वारा पारित गर्नु पर्दछ । यदी परिषद्ले निर्णय गर्न नसकेमा सबै बराबरीका उम्मेदवारलाई अन्तिम निर्णयका लागि संसदीय सुनुवाईका लागि पठाइनेछ ।<br>(च) यदि कुनै पदाधिकारीको मुत्यु भएमा वा कसैले राजीनामा दिएमा खण्ड (ख) बमोजिम विज्ञ समिति तुरुन्तै गठन गरी संवैधानिक पदहरुको सुची र छनौट गर्ने उत्कृष्टताको आधार खुलाई छनौट प्रक्रिया समेत निर्धारण गरी सुचना प्रकशित गर्नु पर्नेछ र त्यसपछिको प्रक्रिया खण्ड (ग), (घ) र (ङ) बमोजिम हुनेछ ।"<br>- <u>उपदफा (५) को सट्टामा देहायको उपदफा (५) राख्नु पर्ने</u>,-<br>"(५) परिषद्को बैठकमा तत्काल बहाल रहेका सबै सदस्य उपस्थित भएमा परिषद् बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ । यद्यपि |

| | | | | |
|---|---|---|---|---|
| | | | | उपदफा (७) अनुसार बोलाइएको बैठकमा गणपुरक संख्या उपदफा (९) बमोजिम हुनेछ । संवैधानिक परिषद्का सदस्यलाई काबु बाहिरको चरम परिस्थिति र देशमा संकटकालिन अवस्था रहेको मनासिव कारण रहेकोमा बाहेक पूर्वनिर्धारित बैठकमा लगातार दूईपटकभन्दा बढी अनुपस्थिति हुने सुबिधा प्राप्त हुने छैन।”<br>- उपदफा (९) को सट्टामा देहायको उपदफा (९) राखी त्यसपछि उपदफा (१०) र (११) थप गर्नु पर्ने,-<br>"(९) उपदफा (७) बमोजिम सचिवालयले बोलाएको बैठकमा अध्यक्ष र कम्तिमा चार जना अन्य सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।<br>(१०) उपदफा (९) बमोजिमको गणपुरक संख्या पुरा नभएमा वा उक्त बैठकमा निर्णय हुन नसकेमा अर्को पटक सचिवालयले बोलाएको बैठकमा अध्यक्ष र कम्तिमा तीन जना अन्य सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।<br>(११) उपदफा (१०) बमोजिमको गणपुरक संख्या पुरा नभएमा वा उक्त बैठकमा निर्णय हुन नसकेमा त्यसपछि सचिवालयले बोलाएका सबै बैठकमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तिमा पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।”<br>- मूल ऐनको दफा ६ को सट्टा प्रस्तावित दफा ६ को उपदफा (१०) अब कायम हुने उपदफा (१२) को सट्टा देहायको उपदफा (१२) राख्नु पर्ने,-<br>“(१२) उपदफा (७) बमोजिमको बैठकमा कुनै विषयमा सर्वसम्मतिबाट निर्णय हुन नसकेमा परिषद्का सम्पुर्ण सदस्यको बहुमतबाट निर्णय गरिनेछ।” |

| | | | | |
|---|---|---|---|---|
| | अर्जुननरसिह के.सी. | — | | <u>मूल ऐनको दफा ४ को</u>,-<br>- उपदफा (२) को अन्त्यमा देहायको प्रावधान थप गर्नु पर्ने,-<br>"अभिलेख तयार गर्न एक उच्चस्तरीय राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिहरुको ३ देखि ५ जनासम्मको देहाय बमोजिमको समिति, समुह वा कलेजियम हुनेछः-<br>(क) पूर्व प्रधानन्यायाधिश वा न्यायाधीश-१<br>(ख) मानव अधिकार आयोगका पूर्व अध्यक्ष-१<br>(ग) पूर्वउपकुलपति-१<br>(घ) राष्ट्रिय जीवनमा लब्धप्रतिष्ठित तथा बौद्धिक व्यत्तित्व-१<br>(ङ) परिषदको सचिव सदस्य सचिव-१"<br>- उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखु पर्ने,-<br>"(२) उपदफा (१) बमोजिम तयार गरिएको अभिलेख सार्वजनिक गरिनेछ ।"<br>- मूल ऐनको दफा ५ को उपदफा (२) मा रहेको "सामाजिक प्रतिष्ठा" भन्ने शब्दहरुपछि ", तत्सम्बन्धी विज्ञता" भन्ने शब्दहरु थप गर्नु पर्ने ।" |

........................

**(देवराज घिमिरे)**

**सभामुख**